# शेर बहादुर देउवा को खाम खोल्ने बेला

लेखक प्रकाश पौडयाल

शेर बहादुर देउवा को भारत भ्रमणको सन्दर्भमा एउटा निति कथा उल्लेख गर्न मन लाग्यो । एउटा कंपनीको प्रबन्धकलाई ब्यबस्थापनमा ब्यापक तहसनहस भएपछी नैतिकताको कारण राजीनामा दिनु परेछ । तुरुन्तै नयां प्रबन्धक बहाल भएछन् । नयां प्रबन्धकलाई सहयोग होस् भन्ने हेतुले पुरानो प्रबन्धकले तीन खाममा क्रमस १, २, ३ नंबर लेखी हातमा दिदैं भनेछन् , जब तिम्रा सामु जटिल समस्या आउनेछन् , तब क्रमैसंग यी खामहरु खोल्नु, यस्ले तिमिलाई सहयोग गर्ने छ ।

छ महिना पछि कंपनीमा ठुलो आर्थीक समस्या देखा परेछ । संचालकहरुले नयां प्रबन्धकलाई प्रश्न गर्ने भएछन् । नयां प्रबन्धकले पुरानो प्रबन्धकलाई समंझेछन् र उनले भनेझैं पहिलो खाम खोलेछन् । खाममा लेखिएको थियो, भएभरको दोष मलाई लगाउनु । खाममा भनेझैं नयां प्रबन्धकले पनि दोष जती सबै पुरानो प्रबन्धकलाई लगाएछन् र आफनो जागीर बचाएछन् ।

केही समय नबित्दै कंपनीसामु नयां ब्यबस्थापन समस्या देखा परेछ । उनले त्यसलाई बिचार गरी दोस्रो खाम खोलेछन् । यस खाममा लेखिएको थियो, फेरी पनि भएभरको दोष मलाईनै लगाउनु । दोस्रो खाममा भनेझैं नयां प्रबन्धकले पनि दोष जती सबै फेरी पुरानै प्रबन्धकलाई लगाएछन् र फेरी एकपटक जागीर बचाएछन् ।

त्यस्को केहि महीना पनि नबित्दै ठुलो बित्तिय समस्या देखा परेछ । संचालकहरुबाट जागीर बचाउने हेतुले तेर्सो खाम खोलेछन् । यस खाममा लेखिएको थियो, तिनवटा खाममा क्रमस १, २, ३ नंबर लेखी तयार पार्नु । आपसमा मेलमिलाप र समझदारीताको कमी भएका पार्टीबाट प्रतिगमनलाई फाईदा लिने अवसर अब धेरै टाडा छैन ।